जनकपुरधाम उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जनकपुरधाम, धनुषा
मधेश प्रदेश, नेपाल


पत्र संख्या :- २०८१/०८२
च.नं. 6/63C

मिति :२०८२/०१/२५

## कर्मचारीहरुको तह वृद्धि/स्तर वृद्धि सम्बन्धी ३० दिने सूचना

मधेश प्रदेशको "स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०८१" बमोजिम स्थानीय सेवामा कार्यरत तथा यस जनकपुरधाम उप-महानगरपालिकाको "जनकपुरधाम उप-महानगरपालिकामा कार्यरत कर्मचारीहरुको तह वृद्धि सम्वन्धी कार्यविधि, २०८१"बमोजिम योग्यता पुगेका कर्मचारीहरुको तह वृद्धि/स्तर वृद्धिका लागि एक महिनाको म्याद दिई सूचना प्रकाशित गरिएको छ। तोकिए बमोजिमको आवश्यक कागजातहरु संलग्न राखी तह वृद्धिका लागि "जनकपुरधाम उप-महानगरपालिकामा कार्यरत कर्मचारीहरुको तह वृद्धि सम्बन्धी कार्यविधि, २०८१" को अनुसूची २ बमोजिम निवेदन भरी २०८२ साल जेष्ठ महिना २३ गतेभित्र आवेदन फाराम दर्ता गराउनुहुन अनुरोध छ । समय सीमाभित्र आवेदन दर्ता नभएमा कार्यालय जवाफदेही नहुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।

संलग्न गर्नुपर्ने कागजातहरु :

१. सेवा अवधि पुष्टि गर्ने नियुक्ति/वढुवा नियुक्ति/स्तरवृद्धि पत्र/रमाना पत्रको प्रमाणित प्रतिलिपि,

२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

३. समायोजन भएका कर्मचारीको हकमा समायोजन पत्रको प्रमाणित प्रतिलिपि,

४. कामकाज सरुवामा रहेका कर्मचारीको हकमा नियुक्ति पत्र तथा कामकाज सरुवाको पत्र,

५. न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

नोट - मिति २०८१/०७/३० गते प्रकाशित तह वृद्धि / स्तरवृद्धि सम्बन्धी सूचना बमोजिम फारम भरेका कर्मचारीहरुको हकमा साविक निवेदनमा "जनकपुरधाम उप-महानगरपालिकामा कार्यरत कर्मचारीहरुको तह वृद्धि सम्बन्धी कार्यविधि, २०८१" को अनुसूची २ बमोजिमको निवेदन समेत संलग्न गर्नहुन यसै सूचना मार्फत जानकारी गराईन्छ।

प्रमुख प्रशासकीय अधिकृत